नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, मोरङ्ग

# नागरिक वडापत्र (CITIZEN CHAPTER)

गुनासो सुन्ने अधिकारी : सहायक प्रमुख जिल्ला अधिकारी

| सि.नं | सेवाको किसिम | सेवा प्राप्त गर्ने तरिका/आवश्यक कागजात | दस्तुर | समय | सम्बन्धित शाखा/फाँट |
|---|---|---|---|---|---|
| १. | शान्ति सुरक्षा | निवेदनमा जानकारी | नि:शुल्क | नियमित | जिल्ला प्रशासन (प्रशासन फाँट) वा नजिकको प्रहरी निकाय |
| २. | नागरिकता | | | | |
| | (क) बंशजको आधारमा | • अनुसूचि १ बमोजिमको विवरण भरी सम्बन्धित स्थानीय निकायबाट फोटो समेत प्रमाणित गरेको आवेदन फाराम<br>• आमा, बाबु वा आफ्नो वंशज तर्फका तीनपुस्ता भित्रका नातेदारको नागरिकताको प्रमाणपत्र<br>• १६ बर्ष उमेर पुरा भएको र जन्मस्थान समेत खुलेको प्रमाण (जन्मदर्ताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणत्र)<br>• सनाखतको लागि एकाघरका अभिभावक<br>• स्पष्ट मुखाकृती (दुवैकान) देखिने हालसालै खिचिएको (२.५×३) **cm** साईजको स्तरीय फोटो ४ प्रति (रातो **Background** नभएको)<br>• विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ताको प्रमाण, घर पट्टीको एकाघरको सनाखत, माईती पट्टीको एकाघरको नागरिकताको प्रमाणपत्र<br>• बसाईसराईको हकमा बसाईसराईको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जा, नक्सापासको प्रमाण, पानी, विजुली, टेलिफोन महशुल कार्ड आदिको प्रमाण | रु. १०/- को टिकट | सोही दिन | नागरिकता |
| | (ख) जन्मको आधारमा | जन्मको आधारमा नेपाली नागरिकता पाउन पेश गरेको प्रमाण र निर्धारित समय सीमा भित्र सम्पन्न हुने निर्णय । | " | " | " |
| | (ग) बैवाहिक अंगिकृत | • अनुसूचि ७ बमोजिमको विवरण भरी सम्बन्धित स्थानीय निकायबाट फोटो समेत प्रमाणित गरेको आवेदन फाराम<br>• आफू जन्मेको मुलुकको नागरिकता त्याग गर्न कारवाही चलाएको प्रमाण/ निस्सा, पतिको नागरिकता र विवाहदर्ता, पतिको मृत्यु भए मृत्यु दर्ता प्रमाण, पतिको तीनपुस्ता भित्रको नागरिकता र नाता खुल्ने प्रमाण र सनाखत<br>• स्पष्ट मुखाकृती (दुवैकान) देखिने हालसालै खिचिएको (२.५×३) **cm** साईजको स्तरीय फोटो ४ प्रति (रातो **Background** नभएको) | " | " | " |
| | (घ) नेपालको अंगिकृत नागरिकताको प्राप्ती, अंगिकृत नागरिकता पाउनु पूर्व जन्मिएका सन्तानले पाउने अंगिकृत नागरिकता, विदेशीसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएका सन्तानले पाउने नागरिकता, बाबु आमाको ठेगान नलागेको व्यक्तिले पाउने नागरिकता सम्बन्धमा प्रचलित संविधान, नेपाल नागरिकता ऐन/नियमावली, २०६३ बमोजिम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | हुनेछ । | | | | |
| | (ङ) प्रतिलिपि/ अभिलेखीकरण | ● सम्बन्धित स्थानीय निकायबाट फोटो समेत प्रमाणित गरी नागरिकता प्रमाणपत्र नं. र जारी मिति समेत उल्लेख भएको अनुसूचि-२ बमोजिमको आवेदन फाराम, नागरिकताको सक्कल झुत्रो वा फोटोकपी,<br>● स्पष्ट मुखाकृती (दुवैकान) देखिने हालसालै खिचिएको (२.५×३) **cm** साईजको स्तरीय फोटो ४ प्रति (रातो **Background** नभएको) | रु. १३/- को टिकट | ” | ” |
| | (च) नागरिकताको ब्यहोरा संसोधन | ● नेपालमा एस.एल.सी. वा सो माथि उत्तिर्ण गरेको शैक्षिक प्रमाणपत्रको ब्यहोरा फरक पर्न गएमा, व्यहोरा खुल्ने निवेदन, सिफारिस पुष्टी हुने प्रमाण, तर नेपाली नागरिकता जारी हुँदा १६ वर्ष पुगेको फरक देखिनु पर्नेछ ।<br>● स्पष्ट मुखाकृती (दुवैकान) देखिने हालसालै खिचिएको (२.५×३) **cm** साईजको स्तरीय फोटो ४ प्रति (रातो **Background** नभएको) | ” | ” | ” |
| ३. | नावालिक परिचयपत्र | सम्बन्धित स्थानीय निकायबाट फोटो समेत प्रमाणित गरेको निर्धारित फाराम, जन्मदर्ता, नाता खुल्ने प्रमाण,आमा/बाबुको नागरिकताको प्रमाणपत्र, नावालकको पासपोर्ट साईजको ४ प्रति फोटो । | निशुल्क | ” | |
| ४. | नाता प्रमाणित | ● सम्बन्धित स्थानीय निकायबाट फोटो समेत प्रमाणित गरी पारिवारिक विवरण खुलेको सिफारिस, नाता प्रमाणित गरिदिने सबैको नागरिकताको प्रमाणपत्र,<br>● मृतकको हकमा मृत्यूदर्ता प्रमाण पत्र, विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्र, पेन्सनवालाको हकमा पेन्सनपट्टा,<br>● स्थानीय निकायबाट भएको नाता प्रमाणित, रितपूर्वकको निवेदन, नाता प्रमाणित गरिलिनेको पासपोर्ट साईजको २/२ प्रति फोटो । | ” | ” | प्रशासन |
| ५. | नाम, थर प्रमाणित | ● सम्बन्धित स्थानीय निकायबाट फोटो प्रमाणित गरेको सिफारिस<br>● सम्बन्धित वडाको सर्जमिन मुचुल्का, नागरिकताको प्रमाणपत्र, पेन्सन पट्टा वा शैक्षिक प्रमाणपत्र वा अन्य सम्बन्धित प्रमाणपत्र<br>● रीतपूर्वकको निवेदन, स्तरीय पासपोर्ट साईजको २/२ प्रति फोटो । | ” | ” | ” |
| ६. | विवाहदर्ता | ● अभिभावकको मन्जुरीले स्त्री/पुरुष १८ वर्ष र स्वेच्छाले २० वर्ष पुगेको हुनुपर्छ । अन्य व्यवस्था ऐन/नियम बमोजिम हुनेछ । | ” | ” | ” |
| ७. | हातहतियार दर्ता, नामसारी, नविकरण | ● सम्बन्धित ऐन/नियम अनुरुप | ” | ” | ” |
| ८ | अन्य विवरण प्रमाणित | ● आदिवासी, जनजाति, दलित, मधेशी सम्बन्धी प्रमाणितको लागि रीतपूर्वकको निवेदन, स्थानीय निकायको सिफारिस, नागरिकताको प्रतिलिपि<br>● अन्य विवरणहरु प्रमाणितको लागि रीतपूर्वकको | ” | ” | ” |

| | | | | | |
|---|---|---|---|---|---|
| | | निवेदन, सम्बन्धित स्थानीय निकायको सिफारिस, पेन्सन पट्टा वा सम्बन्धित प्रमाणपत्र, सम्बन्धित नाता प्रमाणित स्थानीय निकायको, मृतकको हकमा मृत्यू दर्ता प्रमाणपत्र, सम्बन्धित व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र । | | | |
| ९. | संस्था दर्ता | • संस्थाका सम्पूर्ण पदाधिकारीले सहीछाप गरेको ढाँचा अनुरुपको निवेदन, शिर र पुछारमा सहीछाप गरेको तोकिए बमोजिमको विधान ४ प्रति, पदाधिकारीहरुको नागरिकता (अन्य जिल्लाको भए बसाईसराई, जग्गाधनी पुर्जा), जि.वि.स.को सिफारिस, आमभेलाको निर्णय, युवा क्लवको हकमा खेलकुद विकास समितिको सिफारिस | रु. १०/-को टिकट, राजश्व रु. १०००/- | ” | संघ/संस्था फाँट |
| | संस्था नविकरण | • गत आ.ब.को लेखा परीक्षण प्रतिवेदन, गत आ.ब.को कार्य प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम, सक्कलै संस्था दर्ता प्रमाणपत्र, जि.वि.स.को सिफारिस, खे.वि.स.को सिफारिस, स्थायी लेखा नम्बर (**PAN**) प्रमाणपत्रको प्रतिलिपि | नियमानुसार | ” | ” |
| | छापाखाना/पत्रपत्रिका दर्ता | • सम्बन्धित ऐन/नियम अनुरुप | ” | ” | ” |
| १०. | ठाडो उजुरी मुद्दा | • मुद्दा (वयान, आदेश, थुनछेक, साक्षी बुझ्ने, कागज गराउने, फैसला, नक्कल लिने, दर्ता, कैफियत प्रतिवेदन, म्याद थप, म्याद गारी गर्ने, धरौटी फिर्ता/तारेख तोक्ने आदि) को कार्यक्षेत्र र नियमानुसार | ” | नियमित | मुद्दा फाँट |
| ११. | दैवी प्रकोप | • सम्बन्धित स्थानीय निकायको सिफारिस, प्रहरी प्रतिवेदन, परिचय खुल्ने कागज सहित ३० दिन भित्र राहतका लागि निवेदन दिनुपर्नेछ । | निशुल्क | ” | लेखा/प्रशासन |
| १२ | राहदानी फाराम प्रमाणित | | | | |
| | (क) केन्द्रबाट लिनको लागि | • सम्बन्धित व्यक्ति उपस्थित भई निर्दिष्ट स्थानमा ल्याप्चे र सहीछाप गरकौ निर्धारित फाराम<br>• तोकिए बमोजिमको साइज र गुणस्तरको फोटो ४ प्रति, नागरिकताको प्रमाणपत्र, नावालकको हकमा जन्मदर्ता, नाता प्रमाणित, नावालक परिचयपत्र, अभिभावक/संरक्षकको नागरिकता<br>• सक्कलै राहदानी वा ११ (ख) बमोजिमका थप कागजातहरु | निशुल्क | ” | राहदानी फाँट |
| | (ख) विग्रि, च्यातिई काम नलाग्ने भएको वा हराएको | • सम्बन्धित व्यक्ति उपस्थित भई निर्दिष्ट स्थानमा ल्याप्चे र सहीछाप गरकौ निर्धारित फाराम<br>• राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरेको सूचना सक्कलै प्रति<br>• प्रहरीबाट खोजतलास गरेको निस्सा<br>• विग्रि च्यातिएको, केरमेट भएको सक्कलै राहदानी, नागरिकताको प्रमाणपत्र | रु. १००००/- | ” | ” |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) यसै कार्यालयबाट लिने वा म्याद नाघेको राहदानी | ● १२ (क) मा उल्लेखित कागजातहरु । | रु. ५०० ०/- | ” | ” |

<u>क्षतिपूर्ति सहितको नागरिकता बडापत्रमा समावेश भएका सेवाहरु</u>

(क) राहदानी नियमित सेवाको लागि फाराम बुझ्ने र द्रुत सेवाको लागि अभिलेख प्रमाणित गर्ने ।

(ख) विवाह दर्ता र विवाह पछिको विवाह दर्ता

(ग) संस्था दर्ता, संस्था नविकरण, संस्थाको विधान संशोधन र जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति

(घ) दलित, आदिवासी/जनजाती, मधेशी प्रमाणित

नोट : आवश्यक प्रमाण सहित क्षतिपूर्ति माग गर्ने क्षतिपूर्ति सहितको नागरिक वडापत्र व्यवस्थापन निर्देशिका, २०६९ को अनुसूचि ३ बमोजिमको ढाँचामा निवेदन गर्नु हुन ।